स्थानीय सरकार

पाँचपोखरी थाङपाल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

थाङपालधाप, सिन्धुपाल्चोक

वागमती प्रदेश, नेपाल

२०७३

प.स. २०८१/०८२ (प्रशासन शाखा) मिति: २०८२/०१/०८

च.न. २२३२

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने सम्वन्धमा ।

प्रस्तुत विषयानुसार यस पाँचपोखरी थाङपाल गाउँपालिकाको मिति २०८२/०१/१५ गते आइतबारका दिन विहान ११:०० बजे १२ औं गाउँकार्यपालिका बैठक हुने र उक्त बैठकमा तपशिल वमोजिमका विषयहरुमा छलफल हुने भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितका लागि हार्दिक अनुरोध छ ।

तपशिल

१. गत कार्यपालिका निर्णयको समिक्षा सम्वन्धमा ।

२. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

३. विविध सम्वन्धमा

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

स्थानिय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- १२ बैठक मितिः- २०८२/०१/१५

बैठक स्थान.- गाउँकार्यपालिका हल

आज मिति २०८२/०१/१५ गते यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामाज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः-</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री आलोक कुमार स्याङ्वो | सदस्य | (हस्ताक्षर) |
| ४ | श्री बाबुलाल स्याङ्वो | सदस्य | (हस्ताक्षर) |
| ५ | श्री छिमा छिरिङ तामाङ | सदस्य | (हस्ताक्षर) |
| ६ | श्री कुल बहादुर बस्नेत | सदस्य | |
| ७ | श्री काले गोले | सदस्य | |
| ८ | श्री नारायण भट्टराई | सदस्य | (हस्ताक्षर) |
| ९ | श्री नुर्बु तामाङ | सदस्य | (हस्ताक्षर) |
| १० | श्री विष्णु बहादुर खड्का | सदस्य | (हस्ताक्षर) |
| ११ | श्री लक्ष्मी तामाङ | सदस्य | लक्ष्मी |
| १२ | श्री रिता तामाङ | सदस्य | रिता |
| १३ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १४ | श्री कल्पना पण्डित | सदस्य | (हस्ताक्षर) |
| १५ | श्री टासी शेर्पा | सदस्य | |
| १६ | श्री विमला विश्वकर्मा | सदस्य | |
| १७ | श्री लक्ष्मण कुइँकेल | सचिव | (हस्ताक्षर) |

<u>आमन्त्रित</u>

१ गा.पा. प्र. अधिकृत प्र.अ. -(हस्ताक्षर)

(छाप: स्थानीय सरकार, पाँचपोखरी थाङपाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल, २०७३)

(हस्ताक्षर) लक्ष्मण कुइँकेल, प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

**आ.व. २०८१/०८२**

बैठक नं.- १२ बैठक मितिः- २०८२/०१/१५

बैठक स्थानः- गाउँकार्यपालिका हल

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिकाको निर्णय समिक्षा सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको मिति २०८१/११/२२ गते भएको गाउँकार्यपालिकाको बैठकबाट भएका सबै निर्णयहरु कार्यन्वयनका सम्वन्धमा समिक्षा भएको सर्वसम्मत निर्णय गरियो । |
| २. | व्यवस्थापन सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका स्वास्थ्य कर्मचारीहरु करारमा भर्ना गर्न विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ३. | आर्थिक सहायता सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका आ.व. ०८१/०८२ को गाउँसभाबाट आर्थिक सहायता कोषमा विनियोजन भएको रु १५ लाख मध्येबाट तपशिल बमोजिमका व्यक्तिलाई तपशिल बमोजिमको रकम आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो ।<br>तपशिल<br>१. ठुली तामाङ वडा नं. ६ रु. २० हजार<br>२. राम बहादुर सार्की वडा नं. ६ रु. २० हजार<br>३. हिरा बहादुर बुढाथोकी वडा नं. ६ रु. २० हजार<br>४ राम बहादुर बन्जरा वडा नं. ६ रु. २५ हजार<br>५ बामन तामाङ वडा नं. ६ रु २० हजार<br>६. पुर्ण बहादुर भारती वडा नं. ६ रु. १५ हजार<br>७. लाल बहादुर गिरी वडा नं. ६ रु. १५ हजार<br>८. तेजनाथ गोतामे वडा नं. ८ रु. ३० हजार<br>९. सच्चा तामाङ वडा नं. ८ रु. १५ हजार<br>१०. विनोद खड्का वडा नं. ८ रु. १० हजार<br>११. दिपक अधिकारी वडा नं ८ रु. १० हजार<br>१२. छलमाया तामाङ वडा नं. ८ रु. १० हजार<br>१३. गणेश अधिकारी वडा नं. ८ रु. १० हजार<br>१४. तारा भुजेल वडा नं. ८ रु. ३० हजार<br>१५. डेमा तामाङ वडा नं. ७ रु. ३० हजार<br>१६. कविता दनुवार वडा नं. ७ रु. ३० हजार<br>१७. करचुङ तामानी वडा नं. ३ रु. २५ हजार<br>१८. बुद्ध पुरी वडा नं. ७ रु. १० हजार<br>१९. माइला तामाङ वडा नं. १५ हजार<br>२०. दावा ग्याल्बो तामाङ वडा नं. १ रु. १५ हजार<br>२१. ग्याल्जेन स्याङबो वडा नं. २ रु २५ हजार<br>२२. नौनी लामिनी वडा नं. ४ रु. ३० हजार |

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं - १२ बैठक मितिः- २०८२/०१/१५

बैठक स्थानः- गाउँकार्यपालिका हल

| | | |
|---|---|---|
| ४ | विविध निर्णय सम्बन्धमा। | पाँचपोखरी थाङपाल गाउँपालिकाको १२ औ गाउँकार्यपालिका बैठकबाट तपशिल बमोजिमका विविध निर्णयहरु गर्ने सर्वसम्मत निर्णय गरियो।<br>तपशिल<br>(१) पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८१/०८२ स्वीकृत वार्षिक बजेटमा विनियोजन भएका योजनाहरुबाट काटिएको कन्टिजेनसी मध्येबाट मध्येबाट अमानतबाट कार्य गराईएका तपशिल बमोजिमका योजनाहरुमा भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो।<br>१. वडा नं. ८ को फनदुङगामा खोलीएको नयाँ ट्रयाक रु. १ लाख<br>२. भोटेनाम्लाङ सडक रु. १ लाख<br>(२) पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८१/०८२ का लागी हाइड्रोपावर नविकरण शुल्क दर्ता शुल्कको ५० हुने गरी लिने सर्वसम्मत निर्णय गरियो।<br>(३) गाउँपालिकाको आर्थिक बिकास समितिको मिति २०८१/११/१९ गते बसेको बैठकबाट भएका निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>(४) पाँचपोखरी थाङपाल गाउँपालिका अन्तगत वडा नं. १, ३, ७ र ८ को वडा कार्यालयबाट निर्णय भई आएका निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>(५) पाँचपोखरी थाङपाल गाउँपालिकाको समुदायमा आधारित पहिरो पुर्व सूचना प्रणाली कार्यसंचालन सम्वन्धी कार्यविधि २०८१ लाई सर्वसम्मत पास गर्ने निर्णय गरियो।<br>(६) जुगल गाउँपालिकाले आयोजना गरेको शिक्षक भलिवल प्रतियोगितामा सहभागी भएका यस पाँचपोखरी थाङपाल गाउँपालिकाका शिक्षकहरुलाई भएको खर्च भुक्तानीलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>(७) पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. २ को बोलगाउँमा सामुदायिक स्वास्थ्य इकाइ संचालनमा ल्याउने र त्यहाँ चाहिने एक जना स्वास्थ्यकर्मी कर्मचारीको समेत व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।<br>(८) यस गाउँपालिकामा कार्यक्षेत्र बनाई दर्ता भएका सहकारी संस्थाहरु मध्य कतिपय सहकारी संस्थाहरुले गाउँपालिकाबाट पटक पटक सूचना प्रकाशन गरि वार्षिक लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता बिवरण तथा वार्षिक साधारण सभाको बिवरण माग गर्दा समेत पेश नगरेको पाइएको र चालु आ व मा गाउँपालिकाले नेपस्कुन संघको साझेदारीमा सञ्चालन गरेको आधारशिला कार्यक्रम अन्तरगत निश्कृय अवस्थामा रहेका सहकारी संस्थाहरुको खारेजी तथा व्यवस्थापन गर्न गरेको शिफारिस समेतका आधारमा विगत लामो समय देखि गाउँपालिकामा विवरण पेश नगरेका सहकारी संस्थालाइं विवरण पेश गर्न र उक्त संस्थामा सदस्यहरुले कारोवार सञ्चालन गरेको भएमा प्रमाण सहित गाउँपालिकामा पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।<br>(९) यस गाउँपालिकाको चालु आ व को नमुना वडा समाजवादी कार्यक्रम अन्तरगत आफ्नै शिप आफ्नै रोजगारी (सहुलियत ऋण) शिर्षकमा विनियोजन भएको रकम |

स्थानिय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थाङपालधाप, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कट्टेल प्रमुख प्रशासकिय अधिकृत

CS CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १२ बैठक मिति:- २०८२/०१/१५

बैठक स्थान:- गाउँकार्यपालिका हल

यस गाउपालिकाको आय आर्जनका लागि पूंजीको दिगो चक्रिय र व्यवस्थित परिचालन सम्वन्धि कार्यविधि २०८० अनुसार परिचालन गर्न प्रस्ताव माग भए अनुसार प्राप्त निवेदन अनुसार तपिशलमा उल्लिखत व्यक्तिहरुलाई वडा नं ३ मा रहेको सेरच्यु बरलो साना किसान कृषि सहकारी संस्था लि मार्फत लगानी गर्ने निर्णय गरियो ।

क. इन्द्र बहादुर लामा पाँचपोखरी सोनाम गेष्ट हाउस

ख. राजेन्द्र वि क भोताङदेवी पशुपक्षीपालन कृषक समुह

ग. बुधरानी तामाङ पाँचपोखरी मानामा कृषि तथा पशु फर्म

घ. निरु गाई लामा ईजिकिएल होम स्टे एण्ड किराना पसल

ङ. जगलाल तामाङ भोताङदेवी घट्ट

(१०) पाँचपोखरी थाङपाल गाउँपालिकाका मृगौला पिडितहरु दिएको निवेदन अनुसार नपुग भएको रु. ९५ हजार पछी सोधभर्ना हुनेगरी कर्मचारी तलव शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

(११) पाँचपोखरी थाङपाल गाउँपालिकाले आ.व. ०८१/०८२ मा बोलपत्र आवहान गरी बाँकी रहेको तपशिल बमोजिमका योजनाहरुको तपशिल बमोजिमको रकम नियमानुसार कन्टीजेन्सी कटाई बाँकी रकमको पुन अर्को चेनेजमा कार्य गराउन प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१. निपेनी नासे ओखेनी मोटरबाटो रु ८६०५००

२. गोल्मेश्वरा आधारभूत विद्यालय भवन निर्माण रु. २१७७००

३. सिमखेर्त न्यौपाने गोलेटोल जाने सडक रु. ८२५५००

(१२) पाँचपोखरी थाङपाल गाउँपालिका अन्तंगत वडा नं. १ बाँसखर्कमा ढुङगा निकाल्ने क्रममा पुरिएर ज्यान गुमाउने स्काभेटर ड्राइभरको लास बाँसखर्कबाट काठमाडौं हुँदै चितवनसम्मको एम्बुलेन्स भाडा र मृतक उद्दारमा लागेको स्काभेटर भाडा रु. ४३ हजार समेत गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(१३) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत वडा नं. १ बाँसखर्कमा रहेको ज्याबोथान पर्यटन पदमार्गको वैकल्पिक सडकको फिल्ड अध्ययन प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(१४) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत वडा नं २ मा रहेको ड्रामाराङ मुख्य सडक मर्मतका लागि प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी हुन गरी रु. ५० हजार विनियोजन सर्वसम्मत निर्णय गरियो ।

(१५) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत वडा नं. ६ मा रहेको पुजारी टोल सिंचाईका लागि सिंचाई शिर्षकबाट भुक्तानी हुन गरी रु. १ लाख ३० हजार विनियोजन सर्वसम्मत निर्णय गरियो ।

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण खड्का
प्रमुख प्रशासकिय अधिकृत

CS CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं.- १२ बैठक मिति:- २०८२/०१/१५

बैठक स्थान:- गाउँकार्यपालिका हल

(१६) पाँचपोखरी थाङपाल गाउँपालिका गाउँपालिका भवनको संग्राहलय माथीको माटो सममयाउन प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु. ७० हजार विनियोजन गर्ने र प्राविधिक मुल्याङकन अनुसार भुक्तानी दिन प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(१७) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत रहेका तपशिल बमोजिमका खण्डहरुको मर्मत संभारका लागि गाउँपालिकाको मेलम्ची खानेपानीको अन्तर सरकारी वित्तिय हस्तान्त्ररणवाट प्राप्त अख्तियारी र प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी हुने गरी तपशिल बमोजिमका सडक खण्डहरुमा काम गर्न/गराउन प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

१. माझिरुम्टी क्षेत्र वस्ती तथा सडक मर्मत संरक्षण रु. ९ लाख
२. तिपेनी ड्याम साइट, वस्ती सडक संरक्षण रु. १४ लाख
३. खर्स्रे वस्ती, उत्तिसघारी सडक संरक्षण रु. १६ लाख
४. चिन्डे वस्ती संरक्षण रु. ५ लाख
५. खाल्डे वस्ती, उत्तिसघारी सडक संरक्षण रु. ८ लाख
६. विभिन्न क्षेत्रमा ग्राभेल भण्डारण रु. १० लाख

(१८) पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ३ मा रहेको डुप्खाङ गुम्बा पुर्ननिर्माण तथा त्यस क्षेत्रको पर्यटन विकासको लागि आवश्यक १० रोपनी जग्गा किन १३८४ वाट चर्चेको जग्गा कानुन वमोजिम प्रयोजनको लागि विभिन्न निकायहरुमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१९) पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ५ मा रहेको तामाङ संस्कृती भेषभूषा खरिद कार्यका लागि आ.व. ०८१/०८२ को गाउँसभावाट विनियोजन भएको साँस्कृतिक संरक्षण शिर्षकमा विनियोजन भएको रु. ५ लाख मध्येवाट रु. ३५ हजार भुक्तानी दिन प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(२०) पाँचपोखरी थाङपाल गाउँपालिकाको २०८१/०९/२६ गतेको हिउँदे गाउँसभावाट झोलुङगे पुल निर्माण अन्तर्गत खाल्डे चारघट्टे झोलुङगे पुल निक्लत्ता लार्के र मैखर्क याङ्ग्री झोलुङे पुलको गत वर्ष निर्माण सम्पन्न लाई भुत्तानी दिने शिर्षकमा विनियोजन भएको रु. १८ लाख मध्येवाट गाउँपालिकावको १५० सिसिको मोटरसाईकल खरिद गर्न रु. ३ लाख ५८ हजार विनियोजन गर्ने र खरिद गर्नका लागि प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(२१) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत वडा नं. १ मा रहेको वाल विकास आधारभुत विद्यालय निर्माणका लागि जिल्ला समन्वय समितिसँग साझेदारीमा भएको निर्माण कार्यसम्पन्न भई वाँकी रहेको रकम मध्येवाट रु. ६४ हजार त्यस विद्यालयको वालवालिकाहरु बस्नका लागि चकटी, पि फर्म र कार्पेट खरिदका गर्ने सर्वसम्मत निर्णय गरियो ।

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३